# महालेखापरीक्षकको
# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## आ व ०७८/०७९
# लिसंखु पाखर गाउँपालिका
## अत्तरपुर, सिन्धुपाल्चोक




महालेखापरीक्षकको कार्यालय
काठमाण्डौ नेपाल

कार्यालय र स्थान : लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक , लिसंखुपाखर गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Mangal Bahadur Bista | २०७८-१२-१० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २२,८७८,६११ |
| | | | |

१ **परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारको संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ९८.६१ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या १५१४३ रहेको छ ।

२ **लेखापरीक्षण सीमा**

उल्लिखित आर्थिक कारोबारको लेखापरीक्षण ऐन, २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार नमूना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिमका आधारित योजना तथा कार्यक्रमको अधिनमा रही कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएकव छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग छलफल गरि कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।

३ **लेखापरीक्षणकको क्रममा दाखिला**

पालिकाले मिति ०७९।६।५ मा ने.बै.लि. को राजस्व दाखिला नं ६९८४६०२ मार्फत राजश्व शीर्षक नं १५११३ मा प्रदेश सरकारतर्फको अनुदान फिर्ताबापत रु.१०४८१०८२।५ र मिति ०७९।६।५ मा ने.बै.लि. को राजस्व दाखिला नं ५७०६६०२ मार्फत राजश्व शीर्षक नं १५११३ मा संघीय सरकार अनुदान फिर्ताबापत रु.२९७६२६१७।१२ गरी कुल रु.४०२४३६९९ दाखिला भएको प्रमाण पेश भएको छ ।

४ **स्थानीय तह संचित कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४०,७२,०९,४१५ | ३९,४१,८८,५०८.३६ | | ३९,४१,८८,५०८.३६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४०,७२,०९,४१५ | ३९,४१,८८,५०८.३६ | ० | ३९,४१,८८,५०८.३६ |
| ११००० कर | ११ | ७,६९,५६,११५ | ७,३१,८५,४८१.८३ | ० | ७,३१,८५,४८१.८३ |
| १३००० अनुदान | | ३२,८९,२३,००० | ३२,०२,१८,२४० | ० | ३२,०२,१८,२४० |
| संघीय सरकार | १२ | २८,३४,२२,००० | २३,९४,५९,७४० | ० | २३,९४,५९,७४० |
| प्रदेश सरकार | १२ | ४,५५,०१,००० | ८,०७,५८,५०० | ० | ८,०७,५८,५०० |
| १४००० अन्य राजस्व | | १३,३०,३०० | ७,८४,७८६.५३ | ० | ७,८४,७८६.५३ |
| ख. अन्य प्राप्ति | | | | | |



https://nams.oag.gov.

| | | | | | |
|---|---|---|---|---|---|
| फिर्ता गर्न बाँकी [illegible] | | | | | |
| कोषहरु | | | | | |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५२,३१,०७,९६४ | ३४,३७,१५,४१६.७४ | | ३४,३७,१५,४१६.७४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२,३१,०७,९६४ | ३४,३७,१५,४१६.७४ | | ३४,३७,१५,४१६.७४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,९५,४६,७१९ | १२,२५,७०,७३९.८० | ० | १२,२५,७०,७३९.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,११,४८,२१५ | ६,२३,७६,२१८.९४ | ० | ६,२३,७६,२१८.९४ |
| २५००० सहायता (Subsidy) | १८ | २,५६,९२,९०० | २,२६,५४,९०९ | ० | २,२६,५४,९०९ |
| २६००० अनुदान | १८ | २,३०,००० | १,८०,००० | ० | १,८०,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७१,४६,००० | ३९,७१,५९० | ० | ३९,७१,५९० |
| २८००० अन्य खर्च | १८ | १०,००,००० | ५,५४,४१६ | ० | ५,५४,४१६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,८३,४४,१३० | १३,१४,०७,५४३ | ० | १३,१४,०७,५४३ |
| घ. अन्य भूक्तानी | | | | | |
| कोषहरु | | ० | ० | ० | ० |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (११,५८,९८,५४९) | ५,०४,७३,०९१.६२ | | ५,०४,७३,०९१.६२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,६८,२८,७१९.०१ | | ६,६८,२८,७१९.०१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (११,५८,९८,५४९) | ११,७३,०१,८१०.६३ | | ११,७३,०१,८१०.६३ |
| बैंक तथा नगद बाकी | २४ | [illegible] | ११,८६,२७,८१०.६३ | | ११,८६,२७,८१०.६३ |

| सि.नं | खर्च शिर्षक | निकासा | खर्च रकम |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ८६९१५४१०।७३ | ८६९१५४१०।७३ |
| २ | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश | २२५०२१९ | २२५०२१९ |
| ३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ० | ० |
| ४ | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रबद्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ३१५४३९७ | ३१५४३९७ |
| ५ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३०६५३९७० | ३०६५३९७० |
| 6 | स्थानीय तह आकस्मिक कोष | ८०२९०६६.१२ | २८६०९०२ |
| 7 | स्थानीय तह प्रकोप व्यवस्थापन | १९६३७५० | १३८६१३५ |
| ८ | स्थानीय तह विविध कोष खाता | १७७५८४९९.८२ | ५२४७०८२.१६ |
| 9 | पी. एल. जि. सी. डी. पी. | ३३३९६२ | ० |
| 10 | जि. स. स. | ३४१७६९०६ | ९०४३०९० |
|  | जम्मा | १८५२३६१८० | १८५२३६१८० |

५

## वित्तीय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **स्वीकृत ढाँचा**<br>स्थानीय सरकार सञ्चालन ऐन,2074 को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।<br><br>• प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय ३९,७१,५४,२६८.३६२ गत वर्षको मौज्दात रु. ६,६८,२८,७१९ समेत जम्मा रु.४६३९८२९८७।३६ र कुल भुक्तानी रु. ३४,३७,१५,४१६.७४ भइ रु.१२०२६७५७०।६२ वर्षान्तमा बाकी देखिन्छ तर वित्तीय विवरण अनुसार बैंक तथा नगद बाकी रु.१२,१५,९३,५७०.६३ बाकी देखिन्छ । वर्षान्त बाँकी भन्दा बैंक बाकी रु.१३२६००० ले बढी देखिएको सम्बन्धमा पालिका यकिन हुनुपर्दछ । | |
| ७ | | | **जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचितकोष तर्फको रु. ६६८२८७१९ / अन्य कोषतर्फ रु.११९४५८८.७२ गरी कुल रु. ७,८७,७४,२०७.७३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. संचित कोषतर्फ रु. ६६८२८७१९ र अन्य कोषतर्फ रु.११९४५८८.७२ गरी कुल रु. ७,८७,७४,२०७.७३ अन्य कोषतर्फ रु.११९४५८८.७२ गरी कुल रु. ७,८७,७४,२०७.७३ जिम्मेवारी सारेको देखियो । | |

[illegible]

| बैंकको नाम | खाता नं. | खाताको प्रकार | खाता अनुसार बाँकी रु | बैंक अनुसार बाँकी रु |
|---|---|---|---|---|
| लक्ष्मी बैंक लि. | ८९०३००००२४ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ६४,०३,७८४.७३ | ११२७३७०४.२५ |
| लक्ष्मी बैंक लि. | ८९०३००००३३ | ग १.३, आन्तरिक अनुदान खाता | ३,८५,५९,५०० | ६४३१२७४० |
| लक्ष्मी बैंक लि. | ८९११०००४९० | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | १,१८,०७,११६.२६ | ५९५२९६९।२६ |
| लक्ष्मी बैंक लि. | ८९११०००५०६ | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | २,१२,७६,४५७ | १७२७६४५६ |
| लक्ष्मी बैंक लि. | ८९११०००५१३ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ९,३०,०४,०३८.१५ | ५७२३००७५.८३ |
| | बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | | (४,६४,२३,०८५.५१) | |
| | बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | | (६०,००,०००) | |
| जम्मा | | | ११,८६,२७,८१०.६३ | १५६०४५९४५ |

९ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६,११,७६,००० | २,६३,६०,९०३ | ७.६७ |
| सामाजिक क्षेत्र | १८,८०,००,७९५ | १५,०४,६१,४८३.९८ | ४३.७७ |
| पूर्वाधार विकास क्षेत्र | १६,३३,३८,२१५ | ९,४२,१९,२६७ | २७.४१ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,११,१३,२३५ | १,२१,१४,१७४ | ३.५२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८,९४,७९,७१९ | ६,०५,५९,५८८.७६ | १७.६२ |
| जम्मा | ५२,३१,०७,९६४ | ३४,३७,१५,४१६.७४ | १०० |

उपर्युक्त विवरण अनुसार पालिकाले सबैभन्दा बढी सामाजिक क्षेत्रमा कुल खर्चको ४३.७७%, पूर्वाधार विकास क्षेत्रमा २७.४१%, कार्य संचालन तथा प्रशासनिक खर्चमा १७.६२%, आर्थिक विकासमा ७.६७% र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३.५२% खर्च लेखेको देखियो ।

१० **कार्यक्रम परिवर्तन**

:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले गाउँसभाको विभिन्नी मितिको निर्णयबाट ५५ वटा कार्यक्रम संसोधन स्वीकृत गरी रु.१,७६,४२,९९९.५१ खर्च गरेको देखियो । बजेट तर्जुमा प्रक्रिया प्रभावकारी बनाईनुपर्दछ ।

| क्र.सं. | सिफारिस नम्बर | सिफारिस मिति | विषय |
|---|---|---|---|

११

**योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ७० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २०५ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | ५ |
| ५ | ५० लाख भन्दा माथीका | ५ |
| | जम्मा | २९० |

१२

**जिन्सी व्यवस्थापन**

पालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण, सम्पत्ति तथा मालसामानको लगत तयार गर्ने, सम्पत्ति तथा जिन्सीको मूल्य कायम गर्ने र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाउँ विकास समितिहरुले खरिद गरेका सामानहरुको यथार्थ अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

१३

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।



https://nams.oag.gov.

तोक्नु पर्नेमा तोकेको पाईएन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।
- पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।


https://nams.oag.gov.

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **कानुन निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, ५ नियमावली, २७ कार्यविधि १ निर्देशिका र ४ नर्म्स समेत ४७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १५ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको १५ गरी कुल १७ विवाद दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १६ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध खर्चतर्फ कुल रु.१४९३५०१ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |

१७

## अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले लेखापरीक्षणका क्रममा निम्नानुसार फिर्ता गरेको देखियो ।

| विवरण | प्राप्ति | खर्च | बाकी | कैफियत |
|---|---|---|---|---|
| संघीय सरकारबाट | | | | |
| १३३१२ शसर्त अनुदान | १६८९०८००० | १४,२३,११,८७६.६८ | २६५९६१२३.३२ | मिति ०७९।६।५ मा ने.बै.लि. को राजस्व दाखिला नं ५७०६६०२ मार्फत राजश्व शीर्षक नं १५११३ मा संघीय सरकार अनुदान फिर्ताबापत रु.२९७६२६१७।१२ दाखिला भएको प्रमाण पेश भएको छ । |
| १३३१५ विशेष अनुदान पूजीगत | ५८००००० | २६,३३,५०६ | ३१६६४९४ | |
| | | जम्मा | २९७६२६१७। ३२ | |
| प्रदेश सरकारबाट | | | | |
| १३३१२ शसर्त अनुदान | ११५२३७५० | १,२१,५३,०८२.७० | -६२९३३२.७ | मिति ०७९।६।५ मा ने.बै.लि. को राजस्व दाखिला नं ६९८४६०२ मार्फत राजश्व शीर्षक नं १५११३ मा प्रदेश सरकारतर्फको अनुदान फिर्ताबापत रु.१०४८१०८२।५ दाखिला भएको प्रमाण पेश भएको छ । |
| १३३१४ विशेष अनुदान चालु | ५५००००० | ४७,३६,०११ | ७६३९८९ | |
| १३३१६ समपुरक अनुदान | १३२१७२५० | ३५,००,९१६.५ | ९७१७०९३.५ | |
| | | जम्मा | १०४८१०८२१५ | |

| | | | |
|---|---|---|---|
| १८ | | | **त्रैमासिक पुँजीगत खर्च**<br>त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५ मा स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेसो त्रैमासिक | चौथो त्रैमासिक | |
| लिसंखु पाखर गाउँ कार्यपालिका पूजीगत | १०,२७,६१,७२४ | ३६,१५,४९७. | १,३५,२७,५४२. | २,९०,३५,९६२ | ५,६५,८२,७२३. | २,४१,८९,७०७.० |
| संघीय सरकार पूंजीगत | १,४४,५१,८६३. | १,८९,३८८. | २०,३४,३९२. | ६२,७४,९४९. | ५९,५३,१३४. | ३४,३४,२३५.० |
| प्रदेश सरकार पूंजीगत | १,४१,९३,९५६. | ० | ३५,०००.०० | ३५,९६,८०५.० | १,०५,६२,१५१. | ५९,४८,९३८. |
| जम्मा | १३,१४,०७,५४३ | ३८,०४,८८५. | १,५५,९६,९३४ | ३,८९,०७,७१६ | ७,३०,९८,००८. | ३,३५,७२,८८०. |
| खर्च प्रतिशत | १०० | २।८९ | ११।८७ | २९।६ | ५५।६२ | २५.५५ |

| | | | |
|---|---|---|---|
| १९ | | | **बजेट पेस, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री हेम गंगा मोक्तान मिति २०७८।३।१० गते रु. ४७६९५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । |
| २० | | | **समन्वय**<br>पालिकाले आफ्नो वार्षिक कार्यक्रम संघीय सरकार र प्रदेश वा निकायलाई र संघीय सरकार र प्रदेश सरकारका निकायबाट पालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई जानकारी गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ। |

| | | | | |
|---|---|---|---|---|
| २१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, प्रशासनतर्फ सहायक पाचौं, लेखा अधिकृत छैठौं लगायतका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २२ | | | **तलबी प्रतिवेदन पारित**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७खर बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१८७१०३५०।८६ खर्च लेखेको पाईयो । | |
| २३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न दरबन्दी भित्रका कर्मचारी समेत विभिन्नन पदमा कर्मचारीहरु करारमा राखी रु. ८६७५४०१ खर्च लेखेको छ । | |
| २४ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २५ | | | **धरौटी**<br>धरौटीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६४ मा प्रत्येक कार्यलय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा रकमको कारोवारको लेखा अनुसुची १० बमोजीमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसुची ११ बमोजीम ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने एवं धरौटी रकमको छुट्टै बैंक नगदी किताव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको व्यक्तिगत धरौटी खाता र बैंक नगदी कितावको अभिलेख राखेको पाइएन । धरौटी तर्फ गतवर्षको अल्या रु .१४८७६७८.७८ र यस वर्ष थप रु.१०१५८२६.६९ प्राप्त भएकोमा यो वर्ष रु.६४६५०० धरौटी फिर्ता भइ रु.१८५७००५.४७ बाकी रहेको देखिन्छ । | |
| २६ | | | **पेस्की व्यवस्थापन**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(२) मा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन र अन्य व्यक्ति हकमा सो व्यक्तिको ३ पुस्ते स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी पेश्की दिनुपर्ने व्यवस्था छ ।पालिकाले गत बिगत दिएको पेश्कीबाट यो बर्ष रहेको फछ्यौट घटाई बाँकी देखिने स्पष्ट पेश्की खाता राखेको छैन ।पालिकाले एउटा पेश्की फछ्यौट नहुँदै पुनः पेश्की दिने गरेको, पेश्कीको अभिलेख नराख्ने गरेको पाइयो । पेश्की खाताको अभावमा पेश्की अनुगमनमा समस्या देखिएको छ । बिगत देखि लिएको पेश्कीको लगत अद्यावधिक गरी पुराना पेश्कीहरु फछ्यौट गर्नुपर्दछ । | |



https://nams.oag.gov.

२७

**पेस्की बाँकी**

पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं. २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार पालिकाको कुल हालसम्मको पेश्की बाँकी रु.९९३४८१५ देखिएको छ । उक्त बाँकी पेश्की मध्ये म्याद ननाघेको पेश्की रु.१४७३०१५ र म्याद नाघेको पेश्की रु.८४६१८०० देखिन्छ । मिति २०७७।१०।९ बाट लागु भएको अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ बमोजिम म्याद नाघेको बेहोरा बमोजिमको फछ्यौट हुन बाँकी मोबिलाइजेसन पेश्की रु.८४४६८०० र व्यक्तिगत पेश्की रु.१५००० र म्याद ननाघेको पेश्की तर्फ मोबिलाइजेसन पेश्की तर्फ रु.१४२३०१५ र व्यक्तिगत पेश्की तर्फ रु.५०००० देखिन्छ ।

| क्र.सं. | पेश्की प्रकार | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की लिएको मिति | पेश्की फर्छ्यौट गर्नुपर्ने मिति | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोबिलाइजेसन पेश्की | शुभकामना निर्माण सेवा प्रा. लि | ०१/०४/२०७८ | २०७९/०३/३२ | १२,२८,०१५ | म्याद ननाघेको |
| २ | मोबिलाइजेसन पेश्की | हिल साईन कन्स्ट्रक्सन | ०१/०४/२०७८ | २०७९/०३/३२ | १,९५,००० | म्याद ननाघेको |
| ३ | व्यक्तिगत | राजु बस्नेत | ०१/०४/२०७८ | २०७९/०३/३२ | ५०,००० | म्याद ननाघेको |
| | | | | म्याद ननाघेको जम्मा | १४७३०१५ | |
| १ | मोबिलाइजेसन पेश्की | गौतम कन्स्ट्रक्सन | १४/०९/२०७८ | ३०/११/२०७८ | ५,३४,००० | म्याद नाघेको |
| २ | मोबिलाइजेसन पेश्की | धुलिखेल। कामख्य । सनातन जे.भी | १२/०२/२०७९ | १६/०३/२०७९ | ७९,१२,८०० | म्याद नाघेको |
| ३ | व्यक्तिगत | तारामणि श्रेष्ठ | २४/०६/२०७८ | २८/०७/२०७८ | ५०,०० | म्याद नाघेको |
| ४ | व्यक्तिगत | नेत्र बहादुर काफले | २४/०६/२०७८ | २८/०७/२०७८ | ५०,०० | म्याद नाघेको |
| ५ | व्यक्तिगत | युवराज के.सी | २४/०६/२०७८ | २८/०७/२०७८ | ५०,०० | म्याद नाघेको |
| | | | | म्याद नाघेको जम्मा | ८४६१८०० | |
| | | | | कुल जम्मा | ९९३४८१५ | |

२८

**कन्टेन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली 2064 को नियम मा कुनै पनि योजनामा छुट्टाएको कन्टेन्जेन्सी रकम सम्वन्धीत योजनासँग समन्धित कार्यमा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष कन्टेन्जेन्सी बापत के, कति खर्च भयो, कुन-कुन शिर्षकमा खर्च भयो सोको विवरण पेश नगरेकाले कन्टेन्जेन्सी रकम सम्बन्धित योजना बाहेक अन्य कार्यमा समेत प्रयोग गरेको, नगरेको सम्बन्धमा विश्लेषण गर्न सकिएन। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **त्रुटी सच्चाउने अवधि**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्रुटि सच्याउने अवधि बाँकी रहेका योजनाको अभिलेख तयार [illegible] पनि कार्य सम्पन्न भएकै आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । अत : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि संचाउने अवधि बाँकी रहेका योजनाको अभिलेख राखी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३० | | | **बीमा**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा भएको व्यवस्था अनुसार रु.१० लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा कामको सुरक्षाको लागि निर्माण गरिने काम , कामदार , उपकरण र तेस्रो पक्ष को विमा गर्नुपर्ने व्यवस्था भएकोमा कुनै पनि योजनामा विमा सम्वन्धि प्रावधान राखेको पाइएन। | |
| ३१ | | | **निर्माण कार्यको लागत अनुमान**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(२) सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण र विमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ। गुणस्तर परीक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रवन्ध गरेको पाइएन । | |
| ३२ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबार को निय मितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३३ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरूजु**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को आर्थिक कारोबारको चौमासीक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुलाई हालसम्म पालिकाले फर्स्यौट गरेको छैन । अतः उक्त रकम असुल फर्स्यौट गर्नुपर्दछ । उक्त बेरुजु देहायअनुसार छः | |